# जलवायु परिवर्तन

हाम्रो प्रयास





## दुई शब्द

आड्रा अष्ट्रेलियाको आर्थिक सहयोगमा तथा रुपान्तरण नेपालको साझेदारी संचालित यो एक जलवायु परिवर्तन संग सम्वन्धित नविनतम परियोजना हो। जलवायू परिवर्तनका कारणले मौसम असन्तुलित हुने, जलस्रोत प्रणालीमा असन्तुलन आउने, जल उत्पन्न प्रकोप बढ्ने, जैविक विविधता जोखिममा पर्ने, कृषि उत्पादकत्वमा ह्रास आउने, मानव स्वास्थ्य तथा भौतिक पुर्वाधारमा समेत उल्लेखनीय नकारात्मक असर पर्ने जस्ता लक्षणहरू देखिन थालेको छ। यी प्रभाव तथा असरहरुलाई सम्वोधन गर्न नेपाल सरकारले जलवायु परिवर्तनको विषयलाई प्राथमीकतामा राखेको छ।

रुपन्देही तराई क्षेत्रमा पर्ने अन्नको भण्डार भएको जिल्ला हो याहाँको आम्दानीको ८० प्रतिशत भाग कृषिमा आधारीत छ र आकासे पानीमा निर्भर गर्दछ। तर २०-२५ वर्ष पहिलेको भन्दा अहिले वनस्पति, पानीको बहाव, जीवजन्तुका रहनसहन लगायत धेरै कुरामा परिवर्तन भएको अनुभुती भएको छ। त्यसैले यी बिबिध अवस्थाहरुलाई बिश्लेषण गर्दा जलवायु परिवर्तनको जोखिम बाट बच्न सरकारी तथा अन्य गैह्रसरकारी निकायहरुबाट यस सम्वन्धमा समुदायलाई सुसुचित गरि आवश्यक काम अघि बढाउन जरुरी देखिन्छ। यस परियोजना अन्तर्गत सचेतना तालिम संचालन गरि समुदाय स्तरमा अनुकुलन योजना तथा गा.वि.स. स्तरमा स्थानिय अनुकुलन योजना तयार भई योजना कार्यान्वयन भईरहेका छन। त्यसैले परिवर्तित जलवायुका कारणले मानिसले भोग्नु परेका तथा पर्ने समस्याहरु संग कसरी जुध्न वा समानुकुलन हुन सकिन्छ भन्ने कुराको ज्ञान तथा सिप लिन यो परियोजना कोसेढुङ्गा सावित हुने बिश्वास लिईएको छ।

बिद्या महत, कार्यक्रम निर्देशक आड्रा नेपाल

## हाम्रो भनाई

हरितगृह ग्याँसको निश्काशनमा आएको ब्रीवताले सृजना गरेको जलवायु परिवर्तन एक प्रमुख चुनौतीको रुपमा देखिएको तथ्य विश्व समुदायले स्वीकार गरिसकेको छ। जलवायु परिवर्तन विश्वव्यापी मुद्दा भएतापनि यसको असर तथा प्रभाव स्थानीय स्तरमा रहन्छ। सवै वर्ग, समूह र परिवारमा पार्ने असर समान एवं एकैनास हुदैन। आर्थिक, वौद्धिक, समाजिक, भौतिक रुपमा सम्पन्न र सक्षम परिवार तथा व्यक्तिहरुको तुलनामा विपन्न र सामाजिक रुपमा वञ्चितवर्गहरुसंग प्रभाव संग सामाना गर्न क्षमता स्वत कम हुन्छ।

जलवायु परिवर्तनका कारण अतिवृष्टी, अनावृष्टी, वाढी पहिरो, सुख्खा, अति जाडो तथा गर्मी जस्ता प्राकृतिक प्रकोपहरु वढिरहेको छ। विगत केहि वर्ष देखि सुख्खा र वर्षाको अनिमियताले नेपालको आर्थिक विकासमा थप चुनौती खडा गरिरहेको छ। यस सर्दभमा आड्रा नेपाल र रुपान्तरण नेपालको साझेदारीमा रुपन्देही जिल्लाका ५ वटा महिला वचत तथा ऋण सहकारी संस्थाहरु मार्फत जलवायु परिवर्तनमा समुदायको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिरहेकोछ। विशेषगरि जलवायु परिवतर्न सम्वन्धि सचेतना अभिवृद्दि गर्ने (साक्षरता, तालिम तथा अन्तरक्रिया) प्रभावसंग सामना गर्नको परिवेश सुहाँउदो प्रविधिहरु हस्तान्तरण, अनुकुलन योजना तर्जुमा सम्वन्धी कार्यक्रमहरु सञ्चालित रहेका छन्। यस कार्यक्रमको कार्यान्वयन तहमा गरिएको प्रयासहरु, अनुभवहरु, सिकाईहरु र चुनौतीहरुलाई संकलन गरि समुदाय र सरोकारवामलाहरुसंग आदान प्रदान गर्न यस विशेष अंक प्रकाशन गर्न लागिएको छ। यस प्रयासले कार्यक्रममा क्रियाशिल समुदायलाई थप उत्पेरणा जागृत गर्न सहयोग पुग्ने विश्वास लिईएको छ।

सोहन लाल श्रेष्ठ, कार्यक्रम तथा सेवा व्यवस्थापक, रुपान्तरण नेपाल

# जलवायु परिवर्तन र यसको प्रभाव
# *(Climate Change and its Impact)*

जलवायु भनेको कुनै ठाउँको मौसमको लामो समयको औसत अवस्था हो । खास गरी तापक्रम र वर्षाको दशकौं वा सयौं वर्षहरूको अभिलेख विश्लेषण गरी निकालिएको सरदर अवस्थालाई जलवायु भनिन्छ । विश्व मौसम संगठनका अनुसार, सामान्यतया कम्तीमा ३० वर्ष अवधिको औसत मौसमी आँकडाको अवस्थालाई जलवायु भन्ने गरिन्छ । त्यसैले त्यस्ता जलवायु सूचकांकहरू सामान्यतया स्थिर नै रहन्छन् । जलवायु परिवर्तन भन्नाले स्थिर रहनुपर्ने जलवायुका सूचकांकहरू बदलिन थालेको मानिन्छ । विश्वका विभिन्न स्थानमा स्थापित मौसम अवलोकन केन्द्रहरूबाट प्राप्त झन्डै १५० वर्ष अवधिको तापक्रमको अभिलेखले पृथ्वीको सतहको तापक्रम स्पष्ट रूपमा बढिरहेको देखाएको छ तर त्यो वृद्धिदर सबै ठाउँमा समान भने छैन ।

जलवायु परिवर्तन बुझ्नको लागि मौसम र जलवायु बीचको भिन्नता थाहा पाउनु जरुरी हुन्छ । मौसम भनेको क्षणिक हावापानीको अवस्था हो र यो निरन्तर परिवर्तन भइरहन्छ । जस्तो- बिहानदेखि बेलुकासम्म सूर्यको ताप, वायुको चाप, बादल, वायुको गति आदिका कारण मौसमको अवस्था बदलिइरहन्छ, जुन एउटा नियमित प्राकृतिक क्रिया हो ।

**जलवायु परिवर्तन र हरितगृह ग्याँस (Climate change and Green house Gas)**

वायुमण्डल विभिन्न ग्यासहरूबाट बनेको छ । यसमा ७८% नाइट्रोजन, २१% अक्सिजन तथा १% अन्य ग्यासहरु रहेका छन् । सूर्यको प्रकाश वायुमण्डल हुँदै सौर्य ऊर्जा प्रकाश र तापका रूपमा पृथ्वी सम्म आउँछ । सूर्यबाट प्रवाहित हुने सौर्य उर्जा मध्ये ३०% बीचैमा अन्तरिक्षमा छरिएर हराउँछ र बाँकि ७०% सौर्य उर्जा पृथ्वीसम्म आइपुग्छ । सूर्यबाट पृथ्वीसम्म आइपुगेको सौर्य ऊर्जामध्ये केही भाग पृथ्वी तथा समुद्रको सतहले सोस्छ भने केही भाग परावर्तित भएर पुनः वायुमण्डल मै फर्किन्छ । पृथ्वीबाट परावर्तित ऊर्जाको केही अंश वायुमण्डलको हरितगृह ग्यास कार्बनडाइअक्साइड (CO2), मिथेन (CH4),नाइट्रस अक्साइड (NO2), हाइड्रोफ्लोरो कार्बन (HFCs) परफ्लोरो कार्बन (PFCcs) को तहले रोकेर फेरि पृथ्वीतर्फ फर्काइदिन्छ । वायुमण्डलमा बाक्लो तहका रूपमा रहेका यी हरितगृह ग्यासहरू नभएको भए सायद पृथ्वीको औसत तापक्रम शून्यभन्दा १८ डिग्री सेन्टिग्रेड कम हुने थियो र सो तापक्रममा हालको जस्तो मानव लगायत जीवजगत्का लागि उपयुक्त हावापानी भएको सामान्य संसार सम्भव हुने थिएन ।

वायुमण्डलमा रहेको हरितगृह ग्यासको तह मानव सिर्जित क्रियाकलापहरूले गर्दा बाक्लो हुँदै गएकोले पृथ्वीबाट परावर्तित सौर्यउर्जा वायुमण्डलमा रहेको हरितगृह ग्याँसले रोकेर पुनः पृथ्वि तिरै फर्काउने गर्दछ किनकि ती ग्यासहरूले सूर्यबाट पृथ्वीमा आउने तापका तरंगहरूलाई वायुमण्डलबाट भित्र आउन दिन्छन् तर बाहिर निस्कन दिँदैनन् । जसले गर्दा पृथ्वि तातो हुँदै गईरहेको छ । मानवीय क्रियाकलाप विशेषगरी विलाशिताको जिवनशैलीको कारण जलवायु परिवर्तनमा असर पारेको छ । १९ औं शताब्दिको औद्योगिक क्रान्तिसँगै औद्योगिक क्रियाकलापहरुको लागि जैविक इन्धनको अत्याधिक प्रयोग भएको पाईन्छ । खनिज ऊर्जामा आधारित बढ्दो औद्योगीकरण, यातायात विस्तार र मोटर गाडी (अटोमोबाइल्स) को अत्यधिक उत्पादन र प्रयोग, हरेक क्षेत्रमा इन्धनको अत्यधिक प्रयोग, कृषि क्षेत्रको आधुनिकीकरण (धान बाली, सिँचाइ, विषादी तथा रासायनिक मलको प्रयोग), भू-उपयोग प्रणालीमा परिवर्तन, विलासिताका वस्तुहरू (फ्रिज, एयरकन्डिसनर आदि) को बढ्दो उपयोगका कारण मानव सिर्जित हरितगृह ग्यास (जसलाई क्योटो अभिसन्धिले समेत सूचिकृत गरेको छ) को उत्पादन र उत्सर्जनमा तीव्रता आइरहेको छ । यी उत्सर्जित ग्यासहरू वायुमण्डलमा थपिँदै जानु र पृथ्वीबाट परावर्तित तापको ठूलो भाग वायुमण्डलमा रोकिएर रहने क्रममा वृद्धि हुनाले विगत केही दशकदेखि विश्वव्यापी वायुमण्डलीय तापक्रममा वृद्धि भएको छ । विभिन्न श्रोतहरू मार्फत मानव सिर्जित हरितगृह ग्याँसहरू वायूमण्डलमा क्रमिक रूपले उत्सर्जन भइ नै रहेकाले पनि हाल पृथ्वीको तापक्रम वढ्ने क्रम कायमै छ ।

**जलवायु परिवर्तनका सूचकहरु (Indicators of climate change)**

प्राकृतिक प्रक्रियाहरूमध्ये तापक्रम, वर्षा, समुद्री सतहमा वृद्धि र प्रकोपजन्य घटनाको वृद्धिलाई जलवायु परिवर्तनका सूचकहरू मानिएको छ । समग्रमा तापक्रम र वर्षाको परिमाण (Amount), तिव्रता (Intensity), मात्रा (Magnitude) र वारम्वारता (Frequency) मा भएको परिवर्तननै जलवायु परिवर्तनका सूचकहरु हुन् । विश्वको तापक्रमको वृद्धि, ध्रुवीय क्षेत्रहरुमा हिँउ स्खलन, हिमालायहरुमा हिउँको मात्रमा कमि, हिमतालहरु पग्लनु, वर्षामा अनियमितता, लामो समय सम्म सुख्खा तथा खडेरी पर्नु, विनासकारी वाढीपहिरो आदि जलवायु परिवर्तनका असरहरु हुन ।

नेपालको तापक्रम सरदर ०.०६ डिग्री से. का दरले बढिरहेको र क्षेत्रगत हिसाबले हिमालमा सरदर ०.०८ डिग्री से. को दरले तथा तराईमा ०.०४ डिग्री से. ले मात्र बढेको पाइएको छ । समग्रमा ठन्डा दिनहरू घट्दै गइरहेका छन् र अति गर्मीका दिनहरू बढ्दै गएका छन् । गर्मी मौसममा लु बढ्दै गएको छ भने जाडोमा

शितलहरको प्रकोप बढ्दो छ। विशेष गरी हिमाली क्षेत्रमा तापक्रम अधिकतम बढ्दै जाने देखिन्छ। यसले गर्दा वर्षाको चक्रमा परिवर्तन हुने, लामो समयसम्म खडेरी पर्ने, बढी वर्षा हुनेलगायतका संकेतहरू देखा पर्नेछन्। यसै क्रममा नेपालमा पनि निम्नानुसार संकेतहरू देखा पर्न थालेको छन्।

- दिन तथा रात केही दशक पहिलेभन्दा बढी ताता भइरहेका छन्।
- ठन्डा दिन तथा रात कम हुँदै छन्।
- १०० मिलिमिटर वा सोभन्दा बढी परिमाणमा पानी पर्ने दिनहरूको संख्या बढ्दै छ।
- पानी पर्ने समय र अवधिमा परिवर्तन आइरहेको छ र पानी पर्ने दिनहरूको संख्या घटिरहेको छ।
- महत्वपूर्ण मानिने हिमनदी र हिमाली क्षेत्रहरूबाट हिउँ पग्लँदै गएको छ र हिमतालहरू बढेर अकस्मात् फुट्ने खतरा बढ्दै गएको छ।

**नेपालमा जलवायु परिवर्तनको प्रभाव**

जलवायु परिवर्तनले नेपालीहरुको जीवनमा प्रभाव पारेको छ। जलवायु परिवर्तनले नेपालमा खासगरी जलस्रोत, कृषि, वन तथा जैविक विविधता तथा मानवीय स्वास्थ्यमा प्रभाव पारेको छ।

**१. जलस्रोत र उर्जा**

नेपालमा जलवायु परिवर्तनबाट सवैभन्दा वढि प्रभाव जलश्रोतमा पारेको छ। तापक्रम वृद्धिसँगै तीव्र गतिमा हिमताल पग्लि हिमतालहरु फुट्ने अवस्था रहेका छन जसले गर्द विपन्न तथा सङकटासन्न जनताको अवस्था अझ वढि जोखिममा रहेको छ। बढी परिमाणमा पानी पर्ने दिनहरूको सङ्ख्यामा वृद्धि हुनाले बाढी, पहिरो तथा अन्य प्राकृतिजन्य विपत्तिहरुको प्रकोपमा बृद्धि हुनजाने तथा माटो थिग्रिने र खेतीयोग्य जमिन पुरिने जस्ता प्राकृतिक प्रकोपमा वृद्धि हुँदै गइरहेको छ। यसका अतिरिक्त खोलामा पानीको बहाव र भूमिगत जलस्रोत दुवैमा कमी आउने देखिन्छ। तापक्रमको वृद्धिसँगै सुरुको केहि समय सम्म हिउँ पग्लिएर नदीमा पानीको बहावमा वृद्धि भएतापनि केही वर्षपछि पानीको स्रोतका रूपमा रहेको हिउँको परिमाण कम हुन गई बहावमा कमी आउनेछ। त्यसैले जलविद्युत् र सिँचाइ क्षेत्र प्रतिकूल रूपमा प्रभावित हुनेछन्। ३ डिग्री सेल्सियस तापक्रम बढ्दा हिउँ पग्लिएर छोटो अवधिका लागि पानीको मात्रामा ११ प्रतिशतले वृद्धि हुने र दीर्घकालीन रूपमा (विशेष गरेर हिउँदमा) पानीको अभाव हुँदै जाने देखिन्छ।

**२. कृषि र खाद्य सुरक्षा**

नेपालका अधिकाँश जनताहरु कृषिमा निर्भर छन् जलवायु परिवर्तनले कृषिलाई नकारात्मक रुपमा प्रभाव पारिसकेको छ। तापक्रम वृद्धिले पहाडी भागमा धान खेतीका लागि केही अनुकूल वातावरण देखिए पनि सिँचाइमा प्रतिकूल असरका कारण उत्पादकत्वमा वृद्धि हुने छैन। साथै, बाढीको कटान तथा डुबानका कारण उत्पादकत्वमा नकारात्मक प्रभाव पर्न सक्ने प्रबल सम्भावना देखिन्छ। तराईमा विशेष गरी हिउँदमा कुहिरो र बादलले आकाश ढाकिने बढ्दो क्रमका कारण हिउँदे फसल आलु, तोरी, गेडागुडी र प्याजको उत्पादनमा नकारात्मक असर पर्ने देखिन्छ।

**३. वन र जैविक विविधता**

जलवायु परिवर्तनले वन तथा जैविक विविधतामा प्रतिकुल प्रभाव पारेको प्रशस्त प्रमाणहरु भेटिएका छन्। नेपालमा १५ प्रकारका हावापानी विद्यमान रहेका छन्। वायुमण्डलमा रहेको कार्वनडाईअक्साईडको मात्रा दोब्वर भएमा ३ प्रकारका हावापमनी लोप हुनेछन्। हावापानीमा भएको फेरवदलसँग अनुकुलित हुनको लागि हालको वासस्थान वदलिने , जिवन चक्रमा परिवर्तन आउने वा प्रजातीहरुमा भौतिक गुणमा परिवर्तन हुनेछ। यसले गर्दा जीव तथा वानस्पतिक प्रजातिहरूको हालको बासस्थान बदलिने वा लोप हुने खतरा हुन्छ। अनुकूल वातावरणको खोजीका लागि केही प्रजातिहरूले उचाइ वा माथितिर सर्न कोसिस गर्ने हुनाले नेपालमा जैविक विविधताको स्वरूप छिटो बदलिन सक्ने सम्भावना देखिन्छ। यसबाट सजिलै स्थानान्तरण हुन नसक्ने प्रजातिहरू (जस्तै- माटोभित्र बस्ने जीवहरू, नउड्ने प्रजातिका कीरा र गहुँ वा ठूला फल लाग्ने वनस्पतिहरू) बढी जोखिममा पर्ने देखिन्छ। जलवायु परिवर्तनबाट सिमसार क्षेत्र पनि निकै प्रभावित हुने देखिन्छ। तापक्रम वृद्धि, बाढी(पहिरो, भूक्षय, पानीको स्रोतको कमी आदिका कारण सिमसारको फैलावट र गुणस्तरमा ह्रास आई सिमसारको जैविक विविधता अहिले नै संकटमा परिसकेको छ। सिमसार आफैँमा एक महत्वपूर्ण पानीको स्रोत भएकाले त्यहाँ पानीको मात्रा कम हुनाले सम्पूर्ण जलप्रवाह प्रणालीमै परिवर्तन हुन गई जलस्रोतको उपलब्धतामा नै कमी आउन सक्ने देखिन्छ।

**४. जनस्वास्थ्य**

जलवायु परिवर्तनले स्वास्थ्य क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै किसिमले प्रभाव पारेको छ। हालका वर्षहरुमा प्रदुषण मानिसको स्वाथ्यको लागि मुख्य चुनौतिको रुपमा रहेको छ। औलो, टाइफाइड, जापानिज इन्सेफ्लाइटिस र कालाजार जस्ता रोगहरू नेपालमा साधारण रोगको रुपमा देखिन थालेका छन्। यस्ता रोगहरूबाट ग्रसित रोगीहरूको सङ्ख्यामा पनि वृद्धि भइरहेको छ। औलोको प्रकोप उच्च क्षेत्रहरूमा पनि फैलन थालेको अनुसन्धानहरूले देखाएका छन् साथै हैजाको प्रकोप भविष्यमा अझ बढ्न सक्ने देखिन्छ।

**५. शहरी वसोवास र भौतिक पुर्वाधार**

जलवायु परिवर्तनले शहरी वसोवास र भौतिक पुर्वाधारको क्षेत्रमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पारेको छ। जलवायु परिवर्तनको कारणले भवनहरु, उर्जा सेवाहरु, दुरसञ्चार, यातायात सँरचना र पानीको आपुर्ति जस्ता सेवाहरुमा वढदो रुपमा नोक्सानी हुने सम्भावन हुन्छ। यी सवै असरहरुले स्थानीय समुदायकको जीवनस्तर र सुरक्षामा प्रभाव पार्ने सम्भावना हुन्छ। जलवायु जोखिमता र अनुकुलनको आवश्यकता वसोवास र त्यसको स्वरुप, नाप, क्षेत्र, भूगोल र अर्थतन्त्रअनुसार फरक पर्दछ।

घनत्व र असुरक्षित ढँगले निर्माण गरिएका घरहरु जलवायु जोखिमताका प्रमुख कारण मध्येको एक हो। हाल शहरी वसोवासमा

भईरहेका भौतिक परिवर्तनहरुका स्वरुप मा वढ्दो भूमिको प्रयोग, नयाँ निर्माण, भूमिको कारोवार र खण्डिकृत भूमि आदि रहेका छन् । ठुला प्रकोपहरुको घटने समयमा भाग्नको लागि खुला स्थानको अभाव हुँदै जानाले पनि शहरी समुदायको जोखिमता थप हुन गएको छ । विगतमा अधिकाँश निर्माण कार्यहरु उचित योजना, अनुगमन र सुपरिवेक्षण विना नै कार्यान्वयन गरिएको थियो नापा (२०१०) ।

**६. जलवायु श्रृजित प्रकोपहरु**

हाल Hydor metrological ज्यादतिका घटनाहरु जस्तै सुख्खा, आँधि, बाढि, डुवान, भू-स्खलन, भू-क्षय तथा पहिरोका घटनाहरु जलवायु परिवर्तनको कारणले वढ्दै गएको प्रक्षेपण एन.सि.भी.एस.टि. (२००९) को अध्ययनले देखाएको छ ।

विषयगत कार्य समुहहरुले समुदायहरुसँग गरेका छलफलका आधारमा पहिचान गरेका जलवायुसँग सम्वन्धित प्रकोपहरुका कारण जोखिम वढाउने तत्वहरुमाः अपर्याप्त सँस्थागत निर्देशन र भू-उपयोग सम्वन्धि नियम, भवन निर्माण संहिताको कार्यान्वयनमा असफलता, जलवायु सिर्जित प्रकोप र समुदायमा पर्ने जोखिम घटाउने उपायहरुबारे अपर्याप्त सार्वजनिक सचेतना तथा पूर्व चेतनावनी सम्वन्धि प्रणालीमा सीमित पहुच रहनु रहेको छ ।

माथि उल्लेखित ६ वटा विषयगत क्षेत्रहरुको पहिचान नेपाल सरकारको राष्ट्रिय अनुकुलन योजना (National Adaptation Plan for Action (नापा) ले तय गरेको छ ।

**नेपालमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि भएका प्रयासहरू (Nepal's efforts for reducing the impacts due to climate change)**

हालसालै नेपालले नविकरणीय उर्जा लगायत अन्य थुप्रै जलवायु परिवर्तन न्युनीकरण र अनुकुलनका कार्यक्रमहरु सँचालन गरेको छ । उद्योग कलकारखानाहरूमा ऊर्जा सञ्चित गर्ने उपकरणहरू (जस्तै- मोटर, पम्पबोइलर र तापीय यन्त्रहरू) जडान गर्ने कार्य बढ्दो छ । उत्पादन र प्रशोधनमा पनि ऊर्जा खपत घटाउने उपायहरू अवलम्बन गरिँदैछ । इँटाभट्टाको धूवाँ धूलो नियन्त्रण, फोहोरमैला संकलन गरी जमिनमा गाडने प्रक्रिया अवलम्वन गरिएको छ । काठमाण्डौं, पोखरा र लुम्विनी क्षेत्रमा डिजेलवाट चल्ने तीनपाङ्ग्रे टेम्पोलाई प्रतिबन्ध लगाइएको छ ।

सार्वजनिक सवारी मापदण्ड २०५७ ले तोकेको मापदण्ड पूरा गरेका सवारी साधनहरुलाई मात्र अनुमति प्रदान गर्ने नीति नेपाल सरकारले लिएको छ कार्यान्वयन गरिएको छ । सार्वजनिक यातायातको मागलाई परा गर्न विद्युतीय तीनपाङ्ग्रे टेम्पो र एलपी ग्यासले चल्ने सवारी साधनलाई प्रोत्साहन दिईएको छ । नेपालमा जैविक इन्धनको विकास उत्साहप्रद देखिएको छ । समुदाय स्तरमा वायोव्रिकेट, सुधारीएको चुलो र गोवरग्याँसको निर्माण र प्रयोग गरेको धेरै उदाहरणहरु छन् । वनलाई सामुदायिक, कबुलियती, साझेदारी, सरकारी, धार्मिक आदिमा वर्गीकरण गरी व्यवस्थापन गरिएको छ । एकीकृत बाली व्यवस्थापन, कृषिवन जस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् । वर्षाको पानी जम्मा गर्न पोखरी, ट्यांकी आदि निर्माण गरी प्रयोगमा ल्याइएका छन् । पानी कम खपत गरी सिँचाइ गर्ने प्रविधि (जस्तै- थोपा सिँचाइ आदि) प्रयोगमा ल्याउन सुरु गरिएको छ । तीव्र गतिमा हिउँ पग्लेर हिमतालहरूको पानी धेरै भई हिमताल फुट्ने खतरा न्यूनीकरणतर्फ पनि केही प्रयास भएका छन् । यसमध्ये च्छोरोल्पा हिमतालको संरक्षणलाई प्रमुख रूपमा लिन सकिन्छ ।

जलवायु परिवर्तन सम्वन्धि सवालहरु वारे विभिन्न स्तरहरुमा जनचेतनामा बृद्धि भएको छ । विद्यालय र विश्वविद्यालय स्तरका पाठ्यक्रमहरूमा जलवायु परिर्वन सम्वन्धि विषयहरु समावेश भएका छन् भने जनचेतना सम्वन्धि गोष्ठि, वैठक र अर्न्तक्रिया कार्यक्रमहरुको माध्यमबाट जलवायु परिवर्तनसम्बन्धी जानकारी, सूचना आदानप्रदान गर्ने कार्यहरूमा वृद्धि भएको छ । सञ्चार माध्यमहरूले सर्वसाधारयामा यस सम्वन्धि जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिक निर्वाह गरेका छन् । जलवायु परिवर्तनको प्रभाव कम गर्न विभिन्न निकायहरुद्धार गरिएका पहलहरुलाई कानुनी र प्रशाशनिक सँरचना प्रदान गर्न नेपालले राष्ट्रिय जलवायु परिवर्तन नीति (National Climate Change Policy) २०६७ तयार पारेको छ ।

**(स्रोत : नेपाल सरकार वातावरण मन्त्रालय जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापन सम्बन्धि तालिम निर्देशिका ।)**


नाम :— मनु राना
सखुवानी — १
मिति :— २०७०।६।१४ गते
५) हाम्रो गाउँमा बाढी आउन नदिन के के गर्न सकिन्छ?
⇒ हाम्रो गाउँमा बाढी आउन नदिन यी यी कुरा गर्न सकिन्छ ।
१) खोलाको छेउ छाउमा रुख-बिरुवा रोप्नु पर्दछ ।
२) जालीमा ठूला ढुङ्गा राखेर खोलाको छेउमा बुनेर राख्नु पर्दछ ।
३) अम्रिसोको बिरुवा पनि लगाउन मिल्दछ ।
४) बाँस जस्ता पनि खोलाको किनारमा रोप्न उपयुक्त हुन्छ ।
५) ढुङ्गा र बालुवाले पनि नहर बनाएर रोक्न सकिन्छ ।
६) सिमेन्टको बोरा मा पनि बलुवा तथा माटो जस्ता राखेर पनि बाढी आउन दिन भए पनि रोक्न सकिन्छ ।
७) रुख-बिरुवा काट्न र खोला का छेउ छाउका बिरुवा फाड्न पनि दिनु हुदैन ।

# 5C परियोजनाको परिचयः
# (Creating Community Climate Change Capacity)

**पृष्ठभूमी**

हाल विश्वव्यापी सवालको रुपमा खडा रहेको जलवायु परिवर्तनसँग सम्बन्धित बिभिन्न क्षेत्रहरु, सो योजनामा यत्रतत्र छरिएर रहेको तर स्पष्ट रुपमा जलवायु परिवर्तनसँगै सम्बन्धित कार्यक्रमहरुको योजना समेटन नसकिएको महशुस भएको छ । नेपालमा औसत वार्षिक तापक्रम ०.०६ डिग्री सेल्सियसका दरले बढ्दै गएको छ र यस जिल्लाको पनि औसत बार्षिक तापक्रम बृद्धि ०.०४ डिग्रि सेल्सियस देखिन्छ । सन् २०११ को एक बिश्लेषण अनुसार जलवायू परिवर्तनको जोखिमको दृष्टिकोणले नेपाल चौथो स्थानमा रहेको छ । नेपाल सरकारले जलवायु परिवर्तन नीति २०६७ समेत तयार गरेको छ । नेपाल सरकार वातावरण मन्त्रालयले तयार गरेको राष्ट्रिय अनुकुलन कार्ययोजना (नापा) का अनुसार रुपन्देही जिल्ला अति न्यून जोखिमयूक्त जिल्लाको रुपमा उल्लेख भएको छ । नेपालको पहाडी तथा हिमाली क्षेत्रका तुलनामा तापक्रम बृद्धिदर कम रहेतापनि यहाँको सरदर तापक्रम नै चरम (जाडोमा अति चिसो र गर्मीमा अति गर्मी) रहेकाले थोरै तापक्रम बढदा पनि धेरै असर गर्ने गरेको साथै यहाँको भू-धरातलिय स्वरुपका कारण पहाडी तथा हिमाली क्षेत्रको असर समेत यहिं पर्ने हुँदा यस क्षेत्रमा परेको जलवायू परिवर्तनको प्रभावलाई कम आँकलन गर्न नमिल्ने देखिन्छ । विशिष्ट भौगोलिक अवस्थाका कारण नेपाल अन्य क्षेत्रको तुलनामा जलवायु परिवर्तनका दृष्टिले संवेदनशील रहेको छ । जलवायू परिवर्तनका कारणले मौसम असन्तुलित हुने, जलस्रोत प्रणालीमा असन्तुलन हुने, जल उत्पन्न प्रकोप बढ्ने, जैविक विविधता जोखिममा पर्ने, कृषि उत्पादकत्वमा ह्रास आउने तथा मानव स्वास्थ्यमा समेत उल्लेखनीय नकारात्मक असर पर्ने जस्ता लक्षणहरू देखिन थालेको छ । यी प्रभाव तथा असरहरुलाई सम्वोधन गर्न नेपाल सरकारले जलवायु परिवर्तनको विषयलाई सरकारले प्राथमीकतामा राखेको छ । रुपन्देही तराई क्षेत्रमा पर्ने अन्नको भण्डार भएको जिल्ला हो तर २०-२५ वर्ष पहिलेको भन्दा अहिले वनस्पति, पानीको बहाव, जीवजन्तुका रहनसहन लगायत धेरै कुरामा परिवर्तन भएको अनुभुती भएको छ । याहाँको आम्दानीको ८० प्रतिशत भाग कृषिमा आधारीत छ । याहाँका मुख्य अन्न वालीहरु, धान, मकै गहुँ आकासे पानीमा निर्भर गर्दछ । त्यसैले यी बिबिध अवस्थाहरुलाई बिश्लेषण गर्दा जलवायु परिवर्तनको जोखिम बाट बच्न सरकारी तथा अन्य गैह्रसरकारी निकायहरुबाट यस सम्वन्धमा समुदायलाई सुसुचित गरि आवश्यक काम अघि बढाउन जरुरी देखिन्छ ।

आड्रा अष्ट्रेलियाको आर्थिक सहयोग तथा आड्रा नेपाल र रुपान्तरण नेपालसंगको साझेदारीमा जलवायु परिवर्तन क्षमता अभिबृद्धि परियोजना संचालित छ । आड्रा नेपालले पहिले देखि काम गर्दै आएका सहकारी संस्थाहरुमार्फत जलवायु परिवर्तनका प्रति असरहरु संग समानुकुलन तथा न्युनिकरण क्षमतामा अभिबृद्धि गर्न यस परियोजनाले सहकारीका सदस्यहरुलाई सवलीकरण गर्ने कार्य गर्दछ । परियोजनाको अवधि १५ महिनाको (मार्च २०१३ देखि मे २०१४) रहेको थियो । यस परियोजनाको लक्षित जनसंख्या जम्मा ११०६० (प्रत्यक्ष ४७२ र अप्रत्यक्ष १०५८८) रहेको छ भने कार्यक्षेत्र यस प्रकार रहेका छन् ।

१. सौगात महिला बचत तथा ऋण सहकारी संस्था , टिकुलीगढ
२. निरन्तर महिला बचत तथा ऋण सहकारी संस्था , देवदह
३. सचेत महिला बचत तथा ऋण सहकारी संस्था , करहिया
४. मितव्ययी महिला बचत तथा ऋण सहकारी संस्था, मधवलिया
५. मेलमिलाप महिला बचत तथा ऋण सहकारी संस्था, बुटवल नगरपालिका १५, बेलवास

**परियोजनाको लक्ष्यः**

अति विपन्न तथा संकटासन्न अवस्थामा रहेका व्यक्ति तथा समुदायको जलवायु परिवर्तनका प्रति असरहरु संग समानुकुलन तथा न्युनिकरण क्षमतामा अभिबृद्धि गर्ने ।

**अपेक्षित नतिजाहरु**

- जलवायु परिवर्तनको प्रभाव एवं असरले संकटासन्न अवस्थामा रहेका सहकारी संस्थाका सदस्यहरुको असरहरुको सम्वोधन गर्ने क्षमतामा बृद्धि हुनेछ ।
- स्थानिय सहकारीहरुको संस्थागत सुदृढिकरण गर्ने र जलवायु परिवर्तनका कारणबाट संकटासन्न अवस्थामा रहेका समुदायहरुलाई जलवायु परिवर्तनका प्रतिअसरहरुको प्रतिकार्य क्षमतामा अभिबृद्धि हुनेछ ।
- जलवायु परिवर्तनका प्रतिअसर अनुकुलनका लागि गा.वि.स. तथा न.पा (वडा) स्तरमा प्राथमिकतामा परेका श्रृजनात्मक कार्यमा सहयोग भएको हुनेछ ।

**परियोजनाद्धारा संचालित मुख्य कार्यक्रमहरु**

**सचेतना तथा सुसूचिकरण**

- समुदायको सम्पन्नतताको स्तरीकरण
- जलवायु परिवर्तन सम्वन्धि साक्षरता कक्षा
- जलवायु परिवर्तन सम्वन्धि शैक्षिक सामग्री निर्माण
- सुचना तथा संचार सामग्री प्रकाशन

**संस्थागत सुदृढिकरण**

- स्थानिय सरोकारवालाहरुलाई तालिम
- CBAP र LAPA तयारी
- अनुकुलन योजना कार्यान्वयनका लागि आर्थिक सहयोग
- सेवा केन्द्र स्थापना
- गा.वि.स. स्तरिय जलवायु परिवर्तन समन्वय समिती गठन र सहयोग

**कार्यान्वयनमा सहयोग**

- CBAP र LAPA कार्यान्वयनमा सहयोग
- अनुकुलन कोष स्थापना र परिचालन
- स्थानिय विकास योजनामा अनुकुलन योजना लाई एकिकीकृत गर्ने
- अनुगमन तथा मुल्याङ्कन

**परियोजनाको लक्ष्य तथा प्रगती**

| क.सं | क्रियाकलापहरु | ईकाई | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| १ | परियोजनाको बिस्तृत कार्ययोजना तयारी कार्यशाला | पटक | १ | १ | |
| २ | भिडियोग्राफी तालिम (७ दिन) | जना | १७ | १७ | |
| ३ | जिल्ला स्तरीय सरोकारवालाहरुसंग अभिमुखीकरण | पटक | १ | १ | |
| ४ | सहकारी सदस्यहरुलाई जलवायु परिवर्तन परिचयात्मक गोष्ठि | वटा | ५ | ५ | |
| ५ | सहकारीसदस्यहरुको सहभागितात्मक सम्पन्नता स्तरीकरण ( जलवायू परिवर्तन संकटासन्न) | वटा | ५ | ५ | |
| ६ | जलवायु परिवर्तन सम्वन्धि अनौपचारीक कक्षाका लागि शैक्षिक सामग्री तयार | पटक | १ | १ | |
| ७ | जलवायु परिवर्तन सम्वन्धि अनौपचारीक कक्षाका लागि सहजकर्ता तालिम (५ दिन) | जना | १५ | १५ | |
| ८ | जलवायु परिवर्तन सम्वन्धि अनौपचारीक कक्षा संचालन (३ महिना) | वटा | १२ | १२ | ४२२ |
| ९ | सहकारी सदस्यहरुलाई जलवायु परिवर्तन तालिम (२ दिन) | वटा | ५ | ५ | |
| १० | सहकारीमा जलवायु परिवर्तन स्रोत केन्द्र स्थापना तथा आर्थिक सहयोग | वटा | ५ | ५ | |
| ११ | बिउपुजी कोष स्थापना र आर्थिक सहयोग (रु ४०,००० प्रती संस्था) | वटा | ५ | ५ | |
| १२ | समुदाय स्तरिय अनुकुलन योजना तालिम संचालन (३ दिन) | वटा | ५ | ५ | |
| १३ | समुदाय स्तरिय अनुकुलन योजना तयारी र कार्यान्वयन र आर्थिक सहयोग | वटा | ५ | ५ | |
| १४ | गाँउ जलवायँ परिवर्तन समन्वय समिती गठन तथा अभिमंखिकरण | वटा | ५ | ४ | |
| १५ | स्थानिय अनुकुलन योजना तालिम तथा योजना निर्माण र कार्यान्वयनमा आर्थिक सहयोग (३ दिन) | वटा | ५ | ४ | |
| १६ | अन्तर सहकारी अवलोकन भ्रमण | पटक | १ | १ | ५ सहकारी |
| १७ | कर्मचारी बिच अन्तर परियोजना अवलोकन भ्रमण | पटक | १ | १ | |
| १८ | परियोजनाको अन्तिम मुल्याङ्कन | पटक | १ | १ | |

**कार्यक्रमको दिगोपना**

- विद्यमान सहकारी संस्थाहरु जलवायु परिवर्तनका लागि स्रोत केन्द्रको रुपमा कार्यरत रहने छन् ।
- समुदायमा आधारित अनुकुलन योजना र गा. वि. स. स्तरिय अनुकुलन योजनाको दस्तावेज तयार भई आवश्यकता अनुसार संकटाशन्न समुदायले प्रयोजनमा ल्याउने छ ।
- अनुकुलन योजना आफैंमा एउटा राम्रो शुरुवात हो यसले अन्य निकाय बाट स्रोत जुटाउन सहयोग गर्नेछ ।
- गा.वि.स. स्तरिय जलवायु परिवर्तन समन्वय समितीले विकास कार्यक्रम संचालन प्रकृयामा जलवायु परिवर्तनका प्राथमिक कार्यहरुलाई समावेश गर्नेछ ।
- जलवायु परिवर्तन सम्वन्धि कामगर्ने स्थानिय अन्य निकायमा सम्वन्धको स्थापना गर्न सहयोग मिल्नेछ ।
- सहकारीहरु विच एक आपसमा अन्तर सम्वन्धको विकास भई जोखिम अवस्थामा रहेका समुदायको सहयोगका लागि स्रोत जुटाउन पैरवी गर्ने संयन्त्रको निर्माण हुनेछ ।

## स्थानीय अनुकुलन योजना निर्माण प्रक्रिया






## गीत

**रीता तिवारी**
निरन्तर वचत तथा ऋण सहकारी संस्था, देवदह
(तिज २०७० को अवसरमा सहकारी ले आयोजना गरेको गीत प्रतियोगीतामा प्रथम)

सर्वप्रथम नमस्कार छ आड्रा रुपान्तरणलाई ।
दोश्रो स्वागत आयोजक सहकारीलाई ॥
त्यसै पनि छोटो थियो मानिसको आयु ।
अझ विनासकारी रैछ परिवर्तित जलवायु ॥
जलवायु परिवर्तन के हो भन्ने वारेमा ।
केहि कुरा सिक्ने भनि यहां आएं म ॥
पहिलेको घना जंगल आज नाङ्गा भाका छन् ।
अनेक खालका डर लाग्दा रोग आका छन् ॥
बन विनास भयो भने पानिको मुल सुक्दछ ।
अभाव र छटपटिले जीवन डुव्दछ ॥
सवै कुरा विगारेर स्वार्थी वनि नवसौं ।
सुन्दर संसार वनाउनलाई कम्मर कसौं ॥
हिउं पग्लेर हिमालको कालो पत्थर देखियो ।
किन यस्तो भाको रैछ कारण भेटियो ॥
गर्मी हुंदा अति गर्मि जाडो हुंदा अति नी ।
पहिले जस्तो हुन छाड्यो खेतीपाति नी ॥
हिंउ पग्लेर देशैभरी वाढी पैहो गईराछ ।
यसका लागि खोज अनुसन्धान कार्य भैराछ ॥
पहिलेका जीवजन्तु लोप हुदै गाका छन् ।
मिचाहा प्रजातीका बिरुवा आका छन् ॥
अतिवृष्टि, अनावृष्टि अझै वढ्दै गाको छ ।
जीवन जीउन मानिसलाई गाह्रो भाको छ ॥
वातावरण प्रदुषणले यस्तो रोग फैलियो ।
विकराल समस्या हो हालको अहिले यो ॥
जलवायु परिवर्तनले हेर जमिन डढेको ।
स्याउ फल्ने ठाउंमा त धान फलेको ॥
जलवायु वातावरण संगसंगै लगिन्छ ।
यसमा लागे न्युनिकरण गर्न सकिन्छ ॥
बाढी र पहिरोले जोखिममा  परेका ।
पहाडका मानिसहरु तराई झरेका ॥
पिडितलाई राहत दिनु प्रकोपबाट जोगाउनु ।
सवै मिलि प्रकोपलाई टाढा भगाउनु ॥
प्रकोपवाट वच्नलाई एउटै राखौं भावना ।
रोक्नु पर्छ हामी सवले गरी सामना ॥
बाढी पैहो रोकौं भनि गर्छौं हामी कामना ।
यो तिजको सवलाई शुभकामना ॥

## कविता

**दुर्गा तिवारी**
साक्षरता कक्षा सहभागी

जाडो पनि बढ्दै गयो, गर्मी झनै बढ्यो
परिवर्तीत मौसमले, हामीलाई असर गर्‍यो ।
वायु पनि स्वच्छ छैन, जताततै ग्याँसहरु
हरियाली त अतित सम्झी मेटिन्न नि प्यासहरु ।
मुल फुट्ने बेला हुँदा, खानेपानी छैन
बन जंगलको संरक्षणमा, लागि पर्ने हैन ।
जंगलमा आगो लाग्दा, रुदो रैछ मन
वन्यजन्तु लोप भएर, सुनसान भयो बन ।
भोकमरीको संकट बढ्यो अब विश्वभरी
परिवर्तन जलवायुले असार साउने झरी ।
जताततै उजाड भयो मेरो सानो बस्ती
प्रकृतिका सम्पतीमा गर्न थाले मस्ति ।
बढ्दै छ अझै तापक्रम, बल्दै छ यो धरती
खाद्यान्न नि शुद्ध छैन, बढ्दो छ विषादी ।
हरितगृह ग्याँसहरुको बढ्दो छ उत्सर्जन
असर पार्ने ग्याँसहरुलाई गरौं है बिसर्जन ।



गीति कविता

# जलवायु परिवर्तन

**गीता बस्नेत**
निरन्तर महिला बचत तथा ऋण सहकारी संस्था, देवदह

जतातती बाढी पहिरो किन यस्तो भयो ।
गरिव र दुःखीको घर पहिरोले लग्यो ॥
बिचराको गास छैन वास पनि छैन ।
सरकारले यसमा कहिल्यै ध्यान देको हैन ॥
जलवायु परिवर्तनमा यी यी फरक पायौं ।
समय भन्दा अगाडीनै फल फलेर खायौं ॥
अझै यस्ता असरहरु नेपालमा बढ्दै छ ।
सकेसम्म अरु देशले यसमा काम गर्दैछ ॥
मौसम पनि के हो यस्तो दुषित हावापानी ।
परिवर्तन गर्नै पर्छ हाम्रा आनीबानी ॥
जंगलका जिवजन्तु लोप हुदै गए ।
घाँस दाउरा हुने ठाउमा मानिस पो भए ॥
हिउ  बग्ने ठाँउ आज सुख्खा हुदै गयो ।
यस्तो बढ्दै गयो भने हाम्रो ज्यानै गयो ॥
औषधीको मात्रा नभै अन्न हुनै छोड्यो ।
खराब बानी नसुध्रिदा आफैं खाल्डोमा पऱ्यो ॥
जंगलका जडीबुटी उन्मुलन भए ।
मन्त्रीहरु बैठक बस्न शिखर तिर गए ॥
जोखिमको अवस्थालाई बिश्लेषण गरी ।
समाधान खोज्नै पर्छ हामी अघि सरी ॥
खडेरीले गर्दा खेरी जमीन धेरै तात्यो ।
धेरै तातो बढ्नाले रोगहरुले गाँज्यो ॥
जानेका कुरा अरुलाई सिकाउदै जाँउ ।
वातावरणमा काम गर्नेलाई धन्यवाद दिउ ॥



समुदाय स्तरको जलवायु परिवर्तन अनुकुलन योजना निर्माणका सहभागीहरु
सौगात म.ब.ऋ.सहकारी, टिकुलीगढ

# तिजगीत

**बिमला गुरुङ्ग**
करहिया

सुन्नुहोला दिदी बहिनी सुन्नु होस भाई
यो गीतमा स्वागत गर्छु दर्शक सबैलाई ।
२०७० साल भदौको महिना
मौषम र जलवायुको सुन बईन ।
हामी सबै दिदी बहिनी गाउएमा भेला भएर
जलवायु र मौसम पढौं ध्यान दिएर ।
आजसम्म थाहा थिएन मौसम र जलवायु
बल्ल थाहा पायौं हामीले तालिम लिएर ।
केहि छिनमा घाम लाग्छ, छिनमै पानी पर्दछ
हेर्दा हेर्दै केहि छिनमा हुरि चल्दछ ।
छिन छिनमा पानी पर्ने छिनमा हराउने
यस्तै खालको परिवर्तन लाई मौसम भनिने ।
फरक-फरक स्थानमा फरक-फरक जलवायु
कहि जाडो कहि गर्मी हुन्छ बरिलै ।
प्लाष्टिकको घरलाई हरितगृह भन्दछ
तरकारी लगाउदामा राम्रो फल्दछ ।
चिसो याममा बोटबिरुवा हुर्कनको लागि
हरितगृह नै चाहिने रैछ बरिलै ।
डरलाग्दा ग्याँसहरुले के के असर गर्दछ
यस्ताकुरा बुझ्लाई त पढ्नु पर्दछ ।
राम्रो बिरुवा लगाएर राम्रै फल पाउने छौं
बिनास होईन बिकासको लागि पर्ने छौं ।
बोटबिरुवा लाउदा खेरी कती राम्रो चमत्कार
यति भन्दै बिदा हुन्छु सबलाई नमस्कार ।



७) अतिवृष्टि, अनावृष्टि र खण्डवृष्टिले के-के समस्या ल्याउछ ?
=> अतिवृष्टिले ल्याउने समस्याहरू :-
१. अतिवृष्टि भनेको बढी पानी पर्नु हो । अतिवृष्टिको कारणले बाढी-पहिरो आउँछ ।
२. जमिनमा पानी मात्रा बढ्दै जान्छ ।
३. बढी पानीको मात्राले पृथ्वीमा खतरनाक घटनाहरू हुन सक्छ ।
४. खेतीयोग्य जमिनहरू बाढी पहिरोले धेरै बनाउछ ।
५. घर बस्तीहरू बगाएर लैजान्छ ।
६. धनजनको क्षेती हुन्छ ।
७. मानिसहरूमा भोकमरीको हाँहाकार मच्चिन्छ ।
८. बालीनालीहरू पनि डुबानमा परी नोक्सान हुन्छ ।

# सम्बाद

**शर्मिला पन्त**
*निरन्तर महिला बचत तथा ऋण सहकारी संस्था, देवदह*

बुढी आमाको घरमा एक १४ वर्षे गाँएको वालक आएर कुराकानी गर्न खोज्छ जुन वालक जिज्ञासु पाराले आमालाई प्रश्न गर्छ अनि गाँउमा घटेका घटनाहरुको बारेमा गहिरिएर जान्न खोज्छ ।

**आमाः** सञ्चै छ बाबु ? कता गएर आयौ?

**वालकः** ठिक छु आमा भन्दै पिढीमा थ्याच्च बस्छ ।

**आमाः** बाबु धेरै थाकेर आएजस्तो छौ पानी पिउ ।

**बालकः** पानी पिउदै, आमा गर्मी पनि कति सारो बढेका हो, पसिना आउन छोड्दै छोडेन भन्या ।

**आमाः** बाबु, तिमीलाई मात्र हो र म बुढी लाई पनि सारै गर्मी लागेको छ । रातमा पिन गर्मीले सुत्नै सकिन्न । खै पहिले त यस्तो गर्मी भएको थाहा पाईएन । करिव ५-७ वर्ष भयो यो गर्मी बढेको ।

बालकः निधारबाट पसिना पुछ्दै, पहिला पनि त यिनै दिन रात हुन नि हैन र? पहिले चाहि यस्तो गर्मी नहुने र अहिले किन यस्तो हुन थालेको त?

आमाः हेर बाबु, पहिला यी डाँडाहरुमा कती धेरै रुख बिरुवा, जंगल थियो । वनमा गयो जताततै पानीका मुहान थिए, कती मिठा फलहरु खान पाईन्थ्यो तर अहिले पानिको मुहान भनेको के हो र कहाँ हुन्छ भन्ने कुरा थाहा हुन छोड्यो । बर्खा लागेपछि महिनौ सम्म झमझम झरी पर्थ्यौ ।

बालकः साँच्चै आमा एउटा कुरा याद आयो करिव २ महिना अघि मेरो ए जना साथी खाना खाएर बसिरहेको बेलामा एक्कासी शरिर भरी डाबर आउने, टाउको दुख्ने, वान्ता हुने भयो पछि शरिर भरी के के खटीराहरु भएर धेरै दुख पो पायो त तेसले ।

आमाः खै बाबु के भएको हो, पहिला त यस्तो भएको थाहा थिएन तर अहिले खै के कस्ता रोग आका हुन कुन्नि?

बालकः किन आमा यस्तो भएको होला ?

आमाः मान्छेहरु दिन प्रतिदिन बढ्दै गए, खानाको लागि अन्न बढाउनु पर्‍यो तेसको लागि जंगल बिनास गरि खेती गर्न थाले । धेरै अन्न उब्जाउन औषधीको प्रयोग गर्न थाले । धेरै गर्मीले गर्दा अन्न फल समय भन्दा छिटो पाक्न लाग्यो । तरकारीहरुमा पनि यस्तै बिभिन्न खालका बिषदीको प्रयोगले मानिसमा यस्तो असर देखिन थालेको होला ।

बालकः औषधी नराखी उब्जाउन सकिदैन र?

आमाः किन नसकिनु नि नानी । पहिला यस्तो थिएन र पनि हामी भोकै मरेनौ क्यार । गाई बस्तुको मल प्रशस्त राख्ने, औषधीको रुपमा बस्तुको पिसाव तथा गाँउघरका जडीबुटीको प्रयोग गर्नाले पनि राम्रो उब्जाउ हुन्छ । अहिले त त्यो रासायनिक मल धेरै राख्यो केहि समय उब्जाउ बढ्छ तर पछि माटो नै रुखो बनेर उब्जनी घट्दै जान्छ ।

बालकः अब यस्तो नहुनको लागि के गर्न सकिन्छ त आमा? यस्तो कुरा सिकाउन कस्ले सक्ला?

आमाः बाबु, तल्लो घर हर्केकी छोरी रमिताले यसै जलवायु परिवर्तन बिषयमा भर्खरै मात्रतालिम लिएर आएकी छिन । अब उनले गाँउका दिदिबहिनीहरु लाई जम्मा गरेर प्रत्येक दिन २-३ घंटा यसै बिषयमा सिकाउछिन ।

सबैजना रमिताको घरतिर गए । रमीतालाई भेटी जलवायु परिवर्तनको बारेमा गाउलेलाई सिकाउने बुझाउने कामको योजना तयार गरि बिदा भए ।



मल्टिमिडिया भिडियो अनुगमन तालिमका सहभागीहरु

# रुपै परिवर्तन भयो

**नवदुर्गा साक्षरता केन्द्र**
करहिया ६ सखुई

मेलमिलाप महिला बचत तथा ऋण सहकारी संस्था अन्तरगत करहिया गाविस वडा नं. ६ सखुई गाँउमा आड्रा नेपाल र रुपान्तरण नेपालबाट संचालित जलवायु परिवर्तन सम्वन्धि ३ महिनाको साक्षरता कक्षामा सहभागी भई जवलायु परिवर्तन तथा वातावरण सम्वन्धि धेरै कुराहरु सिक्ने अवसर पाईयो । जलवायु परिबर्तनका असरहरु तपाई हामी सबैले भोग्दै आएको भएता पनि किन र कसरी यस्तो भएको भन्ने कुरा थाहा थिएन तर अहिले आएर छर्लङ्ग भयो । पहिला पहिला तिनाउ नदीबाट आएको छत्तिसमौजा कुलोबाट बुटवल बजारका पुराना चप्पल र प्लाष्टिकहरु बगाएर ल्याउने थियो । हामीहरु गाउले प्राय सबैजना डोको भरी ती पुराना चप्पल र प्लाष्टिकहरु टिपेर ल्याई घरमा गाई भैसीलाई खोले पकाउन प्रयोग गर्थौ । तर यो कक्षामा आएर पढेपछि प्लाष्टिक पोल्दा हुने असरको बारेमा ज्ञान पाएपछि सबैजनाले बाल्न छोड्यौ र तेस्ता चिजहरुलाई पुनः प्रयोगका लागि पठाउने वा खाल्डो खनेर पुर्ने काम गर्छौ । यो हाम्रो पहिलो उपलब्धी हो ।

पहिलाको समय भन्दा आजकल धेरै किरा फट्याङ्गग्राहरु बढेर खेतीपातीमा तरकारीमा धेरैनै हैरानि पाएका थियौ । जलवायु परिवर्तनले गर्दा गर्मी बढेर यस्ता किरा फट्याङ्गग्राहरु बढेका रहेछन् । ति किराहरु मार्न बिषदीहरु प्रयोग गर्ने चलन थियो तर बिषदी प्रयोग गर्दा राम्रा बाली नाली लाई फाईदा गर्ने किराहरु पनि मर्ने रहेछन । साथै हाम्रो स्वास्थ्य लाई पनि नराम्रो असर गर्ने रहेछ । त्यसैले हाम्रा सहजकर्ता बिमला गुरुङ्ग ले कृषि केन्द्रका प्रविधिक बोलाई झोलमल र झोल बिषदी बनाउन सिकाउने काम पनि भयो र हामीले बनाउन थाल्यो । गाउमा झुसिलकीराले धेरै तरकारी नष्ट गर्थ्यो तर यो झोल बिषादीको प्रयोगले सबै तेस्ता खालका किरा फट्याङ्गग्राहरु, झुसिलकीरा भागेर तरकारी उत्पादन राम्रो भएको छ ।

त्यसैगरि सहजकर्ताको सहयोगमा यस नवदुर्गा साक्षरता केन्द्रलाई कृषि समुह गठन गरि कृषि सेवा केन्द्रमा दर्ता गरियो । जसले गर्दा त्यस सेवा केन्द्रबाट प्रदान गरिने सबै खालका सेवाहरु सजिलै प्राप्त हुन थाल्यो । अहिले त्यस केन्द्रबाट प्राप्त सुर्यमुखीको बिउले सधै बाँझो रहने खेत सुर्यमुखीका फुलले हराभरा भएर सखुईको रुपै परिवर्तन भएकोछ । यस्तो बिषयमा समयमानै सचेत गराई हाम्रो आँखा खोलिदिने संस्थालाई मुरीमुरी धन्यबाद दिन चाहान्छौं ।





सुख्खा क्षेत्र सिंचाईका लागि ढिकि पम्प जडान करहिया, सेमरा



सरोकारवालाहरु बीच जिल्ला स्तरिय अभिमुखिकरण गोष्ठी



दातृ निकायका प्रतिनिधिसँग स्थानिय समुदायसँग छलफल, देवदह



जलवायु परिवर्तन साक्षरता कक्षा सञ्चालन एक झलक, देवदह



स्थानिय अनुकुलन योजना तयारी तालिमका सहभागीहरु, टिकुलीगढ



जलवायु परिवर्तन संकटासन्न समुदायको स्तरिकरण, बेलबास

**आभार**: जलवायु परिवर्तन साक्षरता कक्षाका सहभागी तथा सहजकर्ता, सौगात, मितब्ययी, सचेत, मेलमिलाप र निरन्तर महिला बचत तथा ऋण सहकारी संस्था, देवी थापा, बिमला गुरुङ्ग रुपान्तरण नेपाल, सोहनलाल श्रेष्ठ, रुपान्तरण नेपाल, चण्डेश्वरी ताम्राकार, आड्रा नेपाल, नारायण सत्याल, आड्रा नेपाल

**सम्पादन**: गोरखनाथ खनाल, रुपान्तरण नेपाल, तुलसी खड्का, आड्रा नेपाल

This project is funded by Adventist Development and Relief Agency ( ADRA) Australia and implemented by ADRA Nepal in partnership with Rupantaran Nepal